

# डिजिटल परिदृश्य

## सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन

Center *for* Media Research NEPAL

ऋषिकेश दाहाल

# डिजिटल परिदृश्य

## सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन




**ऋषिकेश दाहाल**

सेन्टर फर मिडिया रिसर्च – नेपाल

**डिजिटल परिदृश्य — सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन**

लेखक : ऋषिकेश दाहाल
प्रथम संस्करण २०२५
प्रकाशक : **सेन्टर फर मिडिया रिसर्च - नेपाल**
काठमाडौं - ३२, नेपाल

© २०२५ ऋषिकेश दाहाल / सेन्टर फर मिडिया रिसर्च - नेपाल

यस पुस्तकका सामग्रीहरू क्रियटिभ कमन्स एट्रिब्युसन-शेयरअलाइक ४.० अन्तर्राष्ट्रिय लाइसेन्स अन्तर्गत प्रकाशित गरिएको छ । लेखक र प्रकाशकलाई उचित क्रेडिट दिई यसका सामग्रीलाई गैर-नाफामूलक प्रयोजनका लागि कुनै पनि माध्यम वा ढाँचामा प्रयोग, पुनः प्रकाशन, वा बाँडफाँड गर्न सकिन्छ । यो पुस्तक प्रकाशकको वेबसाइट र डिओआई (DOI) प्रयोग गरी निशुल्क डाउनलोड गर्न सकिन्छ । यस पुस्तकको मूल्य वितरण र छपाइ खर्चको व्यवस्थापनका लागि तोकिएको हो ।

पुस्तकमा समाविष्ट तथ्य, तथ्याङ्क र विचारहरू लेखकका व्यक्तिगत हुन् । तथ्य, उद्धरण तथा सर्वाधिकार सुरक्षित सामग्रीहरूको उचित प्रयोगमा लेखक स्वयम् उत्तरदायी छन् । यथासम्भव तथ्यहरूको प्रमाणिकता सुनिश्चित गर्ने प्रयास गरिएको भएता पनि लेखक वा प्रकाशक त्यसको प्रयोगबाट उत्पन्न हुने परिणामका लागि जिम्मेवार हुने छैनन् ।

| | | |
|---|---|---|
| डिओआई (DOI) | : | 10.62657/cmr25b |
| आईएसबीएन (ISBN) | : | ९७८-९९३७-१-८५०१-१ |
| डिजाइन | : | किरण श्रेष्ठ |
| फन्ट | : | मुक्ता |
| कभर चित्र | : | ChatGPT द्वारा सिर्जित |
| मुद्रण | : | पब्लिक प्रिन्टर्स, काठमाडौं, नेपाल |
| मूल्य | : | ४५०/- |
| वितरक | : | मण्डप पब्लिकेसन हाउस, भृकुटीमण्डप, काठमाडौं<br>mandappublicationhouse@gmail.com |

# विषयसूची

अध्याय - एक १

**आरम्भ : डिजिटल यात्रा**

प्रतिमान परिवर्तनमा पत्रकारिता | विश्व सन्दर्भले डोऱ्याएको बाटो | कोभिड-१९ : डिजिटल विस्तारको 'उत्प्रेरक' | डिजिटल यात्रा | सजिलो प्रवेशको चुनौतीपूर्ण यात्रा सन्दर्भ

अध्याय - दुई १७

**गुटनबर्ग, गोरखापत्र र गुगल**

प्रजातन्त्रसँगै डिजिटल यात्रा | औँलाका टुप्पामा टिकेका सूचना | धमिलिएका धर्का | भर्सन २.० : इनबक्स र एग्रिगेटर | रोकिँदो फिल्ड रिपोर्टिङ | एआईले फैलाइरहेको आयतन | वाइन प्रेसका ती गुटनबर्ग र डिपसिकका यी वेनफेंग

अध्याय - तीन ३५

**सोसल मिडियाको उदय र एजेन्डा निर्माण**

आमसञ्चारको परिभाषामाथि चुनौती | इन्टरनेटको विस्तार : ब्यान्डविथ सोसल मिडियामै | अखबारको ओरालो यात्रा | विद्युतीय माध्यमको निर्भरता | सोसल मिडिया अनिवार्य अवयव | सोसल मिडिया हाबी हुँदा ओरालो यात्रामा परम्परागत | अभिव्यक्तिको आयाम : वैकल्पिक बाटो | एजेन्डा सेटिङमा सोसल मिडिया | चुनावी अभियान र सोसल मिडिया | सोसल मिडिया एजेन्डा सेटर

अध्याय - चार ५९

**बदलिँदो माध्यम र मिथ्या सामग्री**

बदलिँदो सूचनाको परिदृश्य | मूलधारका माध्यम र मिथ्या सामग्री | मिथ्या सूचनाको धरातल | को हुन् मिथ्या प्रवर्तक ? | मिथ्या सामग्रीमा के के ? | मिथ्याविरुद्ध मिडियाको भूमिका | मिथ्या सामग्री फैलाउने रणनीति | मिथ्याको सङ्क्रमणबाट पार पाउने कसरी ?

अध्याय - पाँच ७९

**अनलाइन समाचारको मूल्य**

बाहिर सफल सब्स्क्राइबर मोडल | क्राउडफन्डिङको उदय | प्रिमियम प्रडक्टको नेपाली अनुभव | रोकिएको दी रेकर्ड | माईसंसारको प्रयास | विज्ञापनरहित उकालो यात्रा | भिडियो स्ट्रिमिङ : सुरुमा निःशुल्क, पछि प्रिमियम | सम्पादकीय स्वतन्त्रताको सन्दर्भ

अध्याय - छ ९९

**डिजिटल मिडिया र लोकतन्त्र**

मध्यस्थतामा आधारित सञ्चारको उपादेयता | सोसल मिडियाको उत्पादन र अन्तर्वस्तु | उत्तरदायित्वको कसीमा सोसल मिडिया | पब्लिक स्पेयरको सन्दर्भ | पत्रकारिता यथावत्, माध्यम अलग | डिजिटल मिडियाको राजनीतिक अर्थशास्त्र | अन्तिममा चाँदीको घेरा...

अध्याय - सात ११७

**युट्युबमा सम्पादकहरूको यात्रा**

युट्युबर जो बङ्गलादेश बाहिर बसेर दिन्छन् अभिव्यक्ति | युट्युब यात्रामा 'ध्रुव राठी' प्रभाव | नेपालका सम्पादक पनि युट्युब यात्रामा | अर्काइभ जोगाउन गरिएको प्रयास | ठूलो कान्तिपुर दैनिक, सानो टिमको युट्युब | भारत र बङ्गलादेशभन्दा फरक नेपाल | प्राथमिकमा कमी, सेकेन्ड ह्यान्ड इन्फरमेसनको बल | हेर्ने कथाको अलग धार | सम्पादकको प्रवेश, मिथ्यामा हस्तक्षेप | डेटा सुरक्षाको चिन्ता

अध्याय - आठ १३७

**डिजिटल उत्पादन, नैतिक नियन्त्रण**

एल्गोरिदमको असर | एन्फ्लुएन्सरको उदय | आचार संहिताले नछोएको क्षेत्र | लोकरिझ्याई र आचार संहिताको उदय | नयाँ माध्यम नयै चुनौती | लिगेसी मिडियाको सोसल मिडिया निर्देशिका | डिजिटल उत्पादनमा चुकिरहेको ठाउँ | एआईको उदयसँगकै उठेका सन्दर्भ | निर्वाचन, मिथ्या सामग्री र नियन्त्रण | अनुत्तरित प्रश्न

अध्याय - नौ १५५

**डिजिटल अपराध र कानुनी कद**

समाचारमा प्रतिलिपि अधिकार | पाइरेसी र डिजिटल छेडखानी | अतिरञ्जना र घृणाजन्य अभिव्यक्ति, पत्याउने उत्तिकै | डेटाको सुरक्षा र गोपनीयता | डिजिटल माध्यमलाई संविधानको सम्बोधन | दफा ४७ बाट डिजिटलमाथि नियन्त्रण | डिजिटल अभिव्यक्ति स्वतन्त्रतामा भारतीय नजिर | बङ्गलादेशको नियन्त्रणमुखी कानुन | सूचना प्रविधि विधेयक सधैँ विवादित

आफ्नै कुरा १७१



DALL·E

अध्याय - नौ

# डिजिटल अपराध र कानुनी कद

*साइबर ब्युरोमा उजुरीको चाङ*

नेपालमा माओवादी आन्दोलन चलिरहेको थियो । भूमिगत सशस्त्र विद्रोहमा उत्रिएका माओवादीले सञ्चारलाई रणनीति हतियारका रूपमा प्रयोगमा ल्याइरहेका थिए । खुला राजनीतिमा रहेका मूलधारका राजनीतिक दलहरूले आफ्नो आधिकारिक वेबसाइट बनाइसकेका थिएनन् । त्यतिखेर नेकपा माओवादीले सीपीएनमाओइस्टडटओआरजी मार्फत आफ्ना सन्देश प्रवाह गर्थ्यो । तत्कालीन सरकारले 'आतङ्कवादी' घोषणा गरेको माओवादीको वेबसाइटमाथि २०६० सालमा प्रतिबन्ध लगायो । 'आतङ्कवादी गतिविधि र त्यसको प्रचार रोक्नका लागि' उक्त वेबसाइट नेपालमा हेर्न नमिल्ने बनाइएको थियो । सम्भवतः नेपालमा कुनै पनि डिजिटल माध्यममाथि कानुनी रूपमा लगाइएको यो पहिलो प्रतिबन्धको घटना थियो । त्यतिखेर आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा

सजाय ऐन २०५८ को दफा १८ मा सञ्चारका साधनमा नियन्त्रण लिन सक्ने व्यवस्था थियो । उक्त व्यवस्थाले आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा समूहको चिठ्ठी पत्र, टेलिफोन, फ्याक्सजस्ता सञ्चार साधनमा 'श्री ५ को सरकारले नियन्त्रण गर्न सक्ने' जनाइएको थियो ।

आतङ्कवाद वा राष्ट्रिय सुरक्षाको विषयबाहेक मुलुकी अपराध संहिता २०७४ ले '...लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट अश्लील चित्र वा तस्बिर देखाएमा' अपराध हुने प्रस्ट्याएको छ । त्यसका आधारमा सयौँ 'पोर्न साइट'लाई नेपालमा खुल्न नमिल्ने बनाइएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले त्यस खाले वेबसाइटमाथि नियन्त्रण गर्छ । त्यसबाहेक प्रेस काउन्सिल नेपालको सिफारिसमा पनि अनलाइन साइटमाथि नियन्त्रण गरिएको पाइन्छ । *युट्युब*लगायतका सोसल मिडियामाथि पनि प्रेस काउन्सिल नेपालले अनुगमन गरेर नियन्त्रणको प्रयास गरेको छ जुन विवादमुक्त भने छैन ।

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार डिजिटल मिडियाको विस्तार र इन्टरनेटको पहुँच बढेसँगै यससँग जोडिएका अपराधको शृङ्खला पनि बढ्दो क्रममा छ । सोसल मिडियाको विस्तार भएसँगै त्यसमार्फत हुने आपराधिक गतिविधिले गति लिएको छ । सोसल मिडियाको उपस्थिति नेपालको सन्दर्भमा सिङ्गो समाजको उपस्थितिभन्दा फरक छैन । सोसल मिडियाका कारण व्यावसायिक गतिविधि बढेका छन्, व्यक्ति व्यक्ति वा समूहबिच सम्बन्ध विस्तार भएको छ । सँगै ठगी र अन्य अपराधका घटना पनि बढेको गृह मन्त्रालयको तथ्याङ्कले देखाउँछ । नेपाल प्रहरीको साइबर ब्युरोमा आर्थिक वर्ष २०७६/७७ मा साइबर अपराधका २ हजार ३ सय १ उजुरी परेका थिए भने २०८०/८१ मा यस खाले उजुरी १९ हजार ७ सय ३० वटा पुगेबाट अपराधको शृङ्खला कसरी उकालो लागिरहेको छ भन्ने देखाउँछ ।



सन् १९९० को दशक अत्याधुनिक सञ्चार प्रविधि र विश्वव्यापी परिवर्तनको युग रह्यो । इन्टरनेटमार्फत विश्वभरका मानिस जोडिए । कुनै पनि स्थानबाट सञ्चार सम्भव बन्यो । यस्तो सकारात्मक परिवर्तनसँगै खराब खबर पनि आउन थाले । साइबर अपराध तिनमध्येको एक थियो । ह्याकरहरूको उदय यसैसँग जोडिएर भयो किनकि डिजिटल प्रविधिको विकास गरिरहँदा त्यसबाट आउन सक्ने असुरक्षा र अविश्वास प्राथमिकताभन्दा बाहिर थिए । त्यसैले त्यतिखेर साइबर सुरक्षा भन्ने शब्द प्रचलनमा थिएन । तर, जब भाइरस र ह्याकिङले आकार लिँदै गयो अपराधको जालोले डिजिटल अर्थतन्त्रलाई सशङ्कित बनाउन थाल्यो । कानुन बनाउने क्रम त्यहीबाट अघि बढ्यो ।

साइबर अपराधका केसमा सोसल मिडिया सबैभन्दा धेरै दुरुपयोग भएको तथ्याङ्कले देखाउँछ । *फेसबुक*, *इन्स्टाग्राम*, ह्वाट्सएप र *टिकटक* दुरुपयोग भएका सोसल मिडियामा अग्रस्थानमा देखिन्छ । कानुनी र नैतिक मापदण्डका आधारमा हेर्दा डिजिटलमा आधारित मिडियासँग चार प्रमुख विषय जोडिने गर्छ -

- प्रतिलिपि अधिकार
- पाइरेसी र डिजिटल छेडखानी
- मिथ्या, अतिरञ्जित र घृणाजन्य प्रचार
- डेटा सुरक्षा र गोपनीयता

यी सबै विषयमाथि नेपालमा बहस त चल्न थालेको छ तर त्यसले तार्किक निष्कर्षमा भने पुर्‍याउन सकेको छैन । डिजिटल र साइबर सुरक्षालाई मात्र लिएर विशेष कानुन निर्माण भइसकेको छैन । आर्टिफिसियल इन्टेलिजेन्सले प्रविधिलाई नयाँ उचाइमा पुर्‍याउँदा यस क्षेत्रमा कानुनी प्रावधानको आवश्यकता टड्कारो देखिएको छ ।

## समाचारमा प्रतिलिपि अधिकार

*लिगेसी मिडियाको रिभर्जन गर्दै एन्फ्लुएन्सर*

नेपालको संविधानको मौलिक हकभित्र सम्पत्तिको हकलाई सुनिश्चित गरेको छ । धारा २५ मा स्पष्टीकरणमा लेखिएको छ – यस धाराको प्रयोजनका लागि "सम्पत्ति भन्नाले चल अचल लगायत सबै प्रकारका सम्पत्ति सम्झनुपर्छ र सो शब्दले बौद्धिक सम्पत्तिसमेतलाई जनाउँछ ।" प्रतिलिपि अधिकार बौद्धिक सम्पत्ति अन्तर्गत पर्छ । संविधानमा नै यसरी बौद्धिक सम्पत्तिबारे नेपालमा पहिलो पटक लेखिएको हो । केसी (२००८)का अनुसार

प्रतिलिपि अधिकार अन्तर्गत साहित्यिक र कलात्मक क्षेत्रमा भएको मौलिक सिर्जनात्मक कार्यहरू संरक्षित रहन्छ । यस्ता सिर्जनात्मक कार्यहरू शब्द, सङ्केत, गीत, चित्र, बहुआयामिक वस्तु वा यिनीहरूका संयोजन हुन सक्छन् । व्यवहारिक रूपमा साहित्यिक, साङ्गीतिक, कोरियोग्राफिक, फोटोग्राफिक, श्रब्यदृश्य चित्र, अनुवाद र संकलनसम्बन्धी, उपयोगी कलात्मक कार्यहरू, रेकर्डेड र प्रसारणसम्बन्धी कार्यहरू समेत यस अधिकारको दायराले समेट्छ । प्रतिलिपि अधिकार ऐन २०५९ ले माथि उल्लेखितबाहेक कम्प्युटर प्रोग्रामिङ सम्बन्धी कार्यलाई पनि संरक्षणको दायराभित्र समेट्दै डिजिटल उत्पादनलाई सुरक्षित गरेको छ । यसले कुनै पनि सिर्जनात्मक कार्यको पुनरुत्पादन रोक लगाउँछ । तर, ऐनमा भएको व्यवस्थाले अहिलेको डिजिटल मिडियाका उत्पादनलाई सम्बोधन गर्न सकेको छ त ?

यसको उत्तर भने सजिलो छैन । डिजिटल दुनियाँमा सञ्चारको साइकल फरक रफ्तारमा कुदिरहेको पाइन्छ । अनलाइनमा आएका समाचार रेडियोका बुलेटिनमा बजिरहेका हुन्छन् । *युट्युब* वा *फेसबुक* लाइभबाट सार्वजनिक भइरहेका सामग्रीलाई टेक्स्टमा रूपान्तरण गर्दै अनलाइनदेखि अखबारसम्मले प्रकाशित गरिरहेका हुन्छन् । अखबार र अनलाइनमा आएका सामग्रीकै आधारमा युट्युबर र एन्फ्लुएन्सरहरूले भिडियो एक्प्लानेसन तयार पारिरहेका हुन्छन् । त्यसैले प्रतिलिपि अधिकारको मुद्दा नेपालको सन्दर्भमा समाचारका विषयमा कम बहसमा छ । गीत सङ्गीत र सिनेमाको क्षेत्रमा भने यसबारे चर्चा र चेतना दुवै बढ्दो क्रममा देखिन्छ । यसरी दोस्रो स्रोतमा निर्भर भएर समाचारमा आधारित सामग्री उत्पादन भइरहँदा पत्रकारिताको धर्म कमजोर भइरहेको देखिन्छ ।

समाचारको डिजिटलाइजेसन बढ्दो क्रममा रहनु, त्यसमा आधारित भएर पुनरुत्पादन प्रक्रियामा एन्फ्लुएन्सरहरूको सक्रियता रहनु लगायतका कारण ढिलो चाँडो समाचारमा आधारित सामग्री पनि प्रतिलिपि अधिकारको दायरामा समेट्नै पर्ने हुन्छ । त्यसो त भिडियो सेयरिङ एप *युट्युब*ले कुनै पनि फरक माध्यममा भएका सामग्रीको पुनर्उत्पादनमाथि रिपोर्ट गर्न सुविधा दिएको छ । यस खाले सुविधा *टिकटक* लगायतका भिडियो सेयरिङ एपमा पनि उपलब्ध छ । तर, समाचारमा आधारित सीमित माध्यम र पत्रकारले मात्र *युट्युब*मा पुनरुत्पादन भएका सामग्री विरुद्ध रिपोर्ट गरेको पाइन्छ । धेरै पत्रकार यसबारे अन्जान नै छन् । क्षेत्राधिकार भए पनि प्रेस काउन्सिल नेपालले डिजिटल हिसाबले पुनरुत्पादन

भएका सामग्रीमाथि निगरानी गरेको देखिँदैन । अखबारका हकमा भने वितरण संपरीक्षणले 'हुबहु' सामग्री भेटिँदा वर्गीकरण मूल्याङ्कनमा अङ्क घटाउने गर्दै आएको छ । अडियोबाट टेक्स्ट, टेक्स्टबाट अडियो-भिजुअल रूपान्तर मात्र होइन, अनलाइन पत्रकारितामा 'कपी एन्ड पेस्ट' डरलाग्दो गरी भित्रिएको छ । कुनै एउटा समाचारमूलक अनलाइनले अपलोड गरेको सामग्री केही छिनभित्रै धेरै अनलाइनमा जस्ताको तस्तै अपलोड हुने गरेको पाइन्छ ।

नेपालमा हाल बौद्धिक सम्पत्ति अन्तर्गत प्याटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन २०२२ र प्रतिलिपि अधिकार ऐन २०५९ आधारभूत कानुनका रूपमा छन् । दुवै ऐनको विवेचना गर्दा, त्यसमा रहेका कानुनी व्यवस्थाहरूले हालको प्राविधिक विकासले उत्पन्न गरेका चुनौतीहरूलाई समेट्न सकेको देखिँदैन; बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी प्रावधानहरू पनि निकै कमजोर छन् (खनाल, २०२३ अप्रिल २६) । उनका अनुसार आर्टिफिसियल इन्टेलिजेन्सको बढ्दो प्रभाव र डेटा सुरक्षाको बहस जारी रहेको अहिलेको अवस्थामा विद्यमान कानुन अपूरो छ । समाचारको पुनरुत्पादन नेपालमा मात्र होइन, धेरै मुलुकका मुद्दा हो ।

क्यानडाका पाँच वटा मिडिया कम्पनी *टोरस्टार, पोस्टमिडिया, दी ग्लोब एन्ड मेल, दी क्यानेडियन प्रेस* र *सीबीसी/रेडियो-क्यानाडा*ले २०२४ को नोभेम्बरमा आर्टिफिसियल इन्टेलिजेन्स *च्याटजीपीटी* विरुद्ध मुद्दा दायर गरेको सन्दर्भ यहाँ सान्दर्भिक हुन्छ । उनीहरूले अनलाइन समाचार सामग्रीबारे आफ्ना सर्तहरू *ओपनएआई*ले पालन नगरी प्रतिलिपि अधिकार हनन गरेको आरोप लगाएका छन् । *अलजजिरा* (२०२४ नोभेम्बर २९)का अनुसार यसरी मुद्दा दायर गरेका कम्पनीले पत्रकारिता सार्वजनिक हितका लागि हुने गरेको जनाउँदै *च्याटजीपीटी*ले आफ्नो आर्थिक लाभका लागि त्यस खाले सामग्रीको दुरुपयोग गरेको दाबी गरेका हुन् । ओन्टारियोको सुपिरियर कोर्ट अफ जस्टिसमा उनीहरूले दायर गरेको ८४ पेजको दावीपत्रमा *ओपनएआई*बाट क्षतिपूर्ति र उनीहरूको सामग्री अनुमतिबिना प्रयोग गर्न रोक लगाउन स्थायी निषेधाज्ञा माग गरेका थिए । यसअघि *न्युयोर्क टाइम्स*ले पनि उक्त एआई कम्पनीविरुद्ध मुद्दा दायर गरेको थियो । मुद्दा खारेजीका लागि *च्याटजीपीटी*ले दिएको आवेदनलाई २०२४ को मार्चमा न्युयोर्क सङ्घीय अदालतले खारेज गरेको छ (एलिन, २०२५ मार्च २६) । यी दुवै मुद्दा छिनोफानो भयो भने जेनेरेटिभ एआईले समाचार माध्यमबाट लिने सूचनामाथि प्रतिबन्ध लाग्न सक्छ अथवा प्रयोगबापत शुल्क तिर्नुपर्ने हुनसक्छ ।

## पाइरेसी र डिजिटल छेडखानी

*भिडियो माइनुपुलेसनले प्रोपागान्डा*

नेपालका सिनेमाघरमा फिल्म प्रदर्शनपूर्व नै दृश्य नखिच्न चेतावनी दिइएको हुन्छ – कपिराइटको हवाला दिँदै । तै पनि भिडियो सेयरिङ एपहरूमा सिनेमाका महत्त्वपूर्ण अंश सेयर भइरहेको हुन्छ । त्यसले फिल्मको बजार ध्वस्त बनाउँछ । डिजिटल माध्यमको विकाससँगै ‘पाइरेसी’ले थप उचाइ हासिल गरिरहेको छ । अनलाइनमा टोरेन्टमार्फत हुने पाइरेसीले सिनेमा उद्योगमा ठूलो क्षति पुऱ्याइरहेको छ । इन्टरनेटका प्रयोगकर्ताबिच एन्क्रेप्टेड प्लेटफर्महरू अत्यधिक सङ्ख्यामा उपलब्ध छन् । तिनमाथि नियन्त्रण लिन सजिलो छैन । टोरेन्ट र अनधिकृत स्ट्रिमिङ साइटहरूका कारण अमेरिकी फिल्म उद्योगले प्रति वर्ष करिब २९ अर्ब डलर गुमाइरहेको छ (ब्ल्याकबर्न, आइजेनाक र ह्यारिसन, २०१९) । डिजिटल माध्यमका कारण गुमिरहेको अर्थको डरलाग्दो तथ्याङ्क उनीहरूले पेस गरेका छन् । नेपालको सन्दर्भमा यस खाले अध्ययन उपलब्ध छैन । त्यसैले पाइरेसी कुन तहमा छ यकिन गर्न कठिन छ । तर, नेपाली सिनेमा ओटीटी प्लेटफर्महरूमा उपलब्ध हुने क्रम बढेसँगै यस खाले जोखिम भने आउने देखिन्छ ।

डिजिटल प्रविधिको विस्तारले जसरी समय र आर्थिक भारलाई घटाएको छ त्यसरी नै समाचार माध्यमका उत्पादनमा छेडखानी अर्थात् ‘माइनुपुलेसन’को सम्भावना विस्तार गरेको छ । आफ्नो सक्कली काम जोगाउन नेपालका डिजिटल मिडियामा कार्यरत फोटो पत्रकारले काट्न नसकिने गरी वाटरमार्कको प्रयोग गरिरहेको पाइन्छ । कतिपय अवस्थामा यस खाले वाटरमार्कले नै समाचारको संवेदनशीलता कमजोर बनाएको देखिन्छ । यसो नगर्ने हो अथवा वाटरमार्क फोटोको कुनै कुनातिर राख्ने हो भने ‘क्रप’ गरेर पुनरुत्पादन गर्नेहरू सक्रिय भइहाल्छन् । टेक्स्टमा जस्तै डिजिटल माइनुपुलेसन गरेर फोटो मात्र होइन, भिडियो सामग्रीको उत्पादन पनि हुँदै आएको छ ।

नेपालका सोसल मिडियामा कुनै पनि फुटेजको आंशिक अंश अपलोड गरेर ‘माइनुपुलेट’ गर्ने प्रवृत्ति व्यापक छ । यस खाले गतिविधि सञ्चारको नैतिक मापदण्डभन्दा बाहिर भए पनि प्रयोगकर्ताले त्यसलाई दुत्कारेको पाइन्छ । त्यसबाहेक योजनाबद्ध रूपमा नै प्रोपागान्डा फैलाउने उद्देश्यले गरिने भिडियोको छेडखानीले स्वतन्त्र रूपमा चलेका सञ्चार माध्यमका भिडियो सामग्रीप्रति पनि अविश्वास जगाउने परिस्थिति निर्माण भइरहेको छ । आर्टिफिसियल इन्टेलिजेन्सको विकास पछि त भिडियो र अडियो उत्पादनमा अपत्यारिलो

हिसाबले चलखेल गर्न सकिने भएको छ । राजनीतिक दलका नेताको बोलीअनुसारकै भावभङ्गीमा एआईमार्फत उत्पादन हुनसक्ने डिप फेक सामग्रीले संस्थागत हुँदै गरेको लोकतन्त्रलाई नै चुनौती दिन सक्ने सम्भावना बढेको छ ।

## अतिरञ्जना र घृणाजन्य अभिव्यक्ति, पत्याउने उत्तिकै

*झुटो खबरमा प्रभावित हुनेहरू अत्यधिक*

इन्टरनेटको पहुँच र सोसल मिडियाको प्रभाव नेपाली समाजमा यसरी बढ्यो कि त्यसले मध्यस्थतामा आधारित माध्यमलाई पछाडि पार्‍यो । डिजिटल रूपान्तरणको यस खाले परिस्थिति तय हुँदा नेपाली समाजमा डिजिटल साक्षरताको अवस्था भने दयनीय नै देखिन्छ । शर्मा (२०२२ अप्रिल २८) लेख्छन् –

> हामीले सामाजिक सञ्जालको प्रभावबाट प्रभावित नहुने क्षमता गुमाइसकेका छौँ । इलेक्ट्रोनिक र मेकानिकल प्रविधिको पछाडि बसेर उनीहरूलाई प्रयोग गरिरहेका छौँ भन्ने भ्रममा रहेका हामी खासमा तिनको दबदबामा परिसकेका छौँ । हाम्रो अधिकांश समय चोरिदिन सक्ने अद्‌भुत क्षमता भएको प्रविधिलाई हामी उपेक्षा गर्न पनि सक्दैनौँ ।

मिथ्या सामग्रीलाई सोसल मिडियाबाट फैलाउने एन्फ्लुएन्सरहरूमा पूर्व प्रशासक र राजनीति दलका नेताहरू पनि छन् । यस खालका 'ओपिनियन लिडर'ले नै अतिरञ्जित सामग्री फैलाउन मद्दत गर्छन् भने त्यसको प्रभाव स्वाभाविक रूपमा विस्तार हुनु अस्वाभाविक हुँदैन । सामाजिक सञ्जालको अफवाहले नेपाली समाजलाई दिग्भ्रमित बनाएको उदाहरण थुप्रै छन् । २०७५ सालमा कञ्चनपुरकी १३ वर्षीय निर्मला पन्तको बलात्कार र हत्या हुँदा सामाजिक सञ्जालमा चलेका हल्लाहरूले मूलधारका मिडियालाई समेत प्रभावित पार्‍यो । प्रहरीको अनुसन्धानमा अविश्वास उत्पन्न भयो (श्रेष्ठ, २०२२ अप्रिल २०) । देवकोटा (२०२० नोभेम्बर २८) विश्लेषक हरि शर्मालाई उद्धृत गर्दै लेख्छिन् - हिजोसम्म सीमित मिडियामा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गरिरहेका हामीमा अहिले 'न्यु मिडिया'मा आइपुग्दा जबाफदेहिता देखाउनै नपर्ने डरलाग्दो परिपाटी विकास भएको छ । त्यसमाथि राजनीतिक दलले डिजिटल मिडियामार्फत आफ्ना एजेन्डा प्रवाह गर्न र अरूका एजेन्डालाई न्यूनीकरण गर्न 'साइबर सेल' खडा गरेका छन् ।

डिजिटल मिडिया लिट्रेसीको अभावले मानिसहरू सबै कुरा पत्याउन बाध्य छन् । झुट र सफेदको भिन्नता खुट्टाउन कठिन हुने गरी सामग्री उत्पादन हुन थालेको छ । घृणाजन्य अभिव्यक्तिको आयतन बढेको छ । प्रविधिको विकाससँगै त्यसलाई ग्रहण गर्न चाहिने आधारभूत ज्ञान उपलब्ध गराउने दायित्व राज्यको हो । तर, यस खाले दायित्वलाई कुनै पनि सरकारले प्राथमिकतामा राखेको देखिन्न । कानुनी दण्ड र सजायको त्रासकै भरमा 'समुन्नत समाज'को परिकल्पना गर्ने प्रवृत्तिले नीति निर्माताहरू प्रभावित देखिन्छन् ।

## डेटाको सुरक्षा र गोपनीयता

*चुनावमा डेटाको दुरूपयोग*

राजनीतिक होस् या आर्थिक विषय नै किन नहोस् कुनै एक पक्षको समर्थन र अर्काको विरोध स्वाभाविक बनेको छ । विश्वभर नै डिजिटल मिडियाको उपस्थिति पछि विरोध र समर्थनका स्वरहरू बलियो बनिरहेको पाइन्छ । च्याडविक (२०१९)का अनुसार पक्षपातको जरा गहिरा र बहुआयामिक छन् । डिजिटल मिडियामाथि भएका धेरैजसो अध्ययन आमसञ्चार प्रणालीमा प्रभावशाली रहेका इलिटहरूको स्वतःस्फूर्त आलोचनाबाट अगाडि बढ्नु त्यसको प्रमुख कारण हो । किनकि शताब्दीको थालनीमै इन्टरनेटको विस्फोटक उपस्थितिले यति उत्साहित गरायो कि धेरैलाई लाग्यो – अब सबै ठिक हुन्छ । शक्तिहीनको सशक्तीकरण र खुलापन, सहिष्णुता, र 'ग्लोबल कल्चर'को नयाँ युगको अपेक्षा गरियो । डिजिटलाइजेसनको यस प्रक्रियामा नजरअन्दाजमा परेको विषय पछि सतहमा देखिए । यस क्षेत्रलाई संरक्षणसँगै नियन्त्रणको आवश्यकता पनि महसुस हुन थाल्यो । त्यसैका आधारमा कानुनहरू बन्ने क्रम सुरु भयो ।

एलन मस्कले २०२४ को अमेरिकी राष्ट्रपति निर्वाचनमा माइक्रो ब्लगिङ *एक्स* मार्फत जसरी चुनावी अभियानलाई नियन्त्रणमा लिए त्यसले डेटा सुरक्षा र प्रयोगकर्ताको गोपनीयताको विषय केही सीमित व्यक्तिको कब्जामा छ भन्ने देखाएको छ । एक प्रयोजनका लागि लिएको प्रयोगकर्ताको तथ्याङ्क अर्को प्रयोजनका लागि बिक्री हुने सधैँ जोखिम छ ।

नेपालमा कुन संस्थाले कस्तो डेटा, के-कसरी सङ्कलन गरिरहेको छ भनेर प्रयोगकर्ताले सजिलै थाहा पाउन सक्दैन । न यस्ता सङ्कलित डेटाको दुरुपयोग हुनसक्ने सम्भावना — जसले व्यक्तिको जीवनमा गम्भीर नकारात्मक असर पार्न सक्छ — बारे नै ऊ पर्याप्त जानकार छ (मार्टिन चौतारी, २०२३) । नेपालमा सरकारले नागरिक एप ल्याउँदा होस् या

राष्ट्रिय परिचयपत्र जारी गर्दा नै किन नहोस् – डेटा सुरक्षा र गोपनीयताको विषय चर्चामा रह्यो । यी दुवैले डिजिटल तथ्याङ्क निजी क्षेत्रलाई वा उपलब्ध गराउन सक्ने जोखिमलाई लिएर प्रश्न गरिएको थियो । त्यसो त निर्वाचनको अवधिमा टेलिफोन सेवा प्रदायक र निर्वाचन आयोगले नै केही दलका नेतालाई यस खाले तथ्याङ्क उपलब्ध गराएको आक्षेप लागेको थियो । मार्टिन चौतारीको रिपोर्टमा लेखिएको छ -

> डेटा संरक्षणको नेपालमा छुट्टै कानुन नभए पनि केही अन्य कानुन छन् जसले डेटा सङ्कलन, सुरक्षा र प्रयोगका केही पाटा सम्बोधन गर्छन् । यस्तै एउटा कानुन हो, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ । "सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने" उद्देश्यले यो ऐन बनाइएको थियो (नेपाल सरकार, २०७५) । यस्तै, अर्को नीतिगत कागजात हो— नेपाल राष्ट्र बैङ्कको सूचना प्रविधि निर्देशिका, जसमा बैङ्कको डेटा सुरक्षाको व्यवस्था गरिएको छ । यस निर्देशिका २०६९ मा लागू गरिएको थियो । नेपालमा बैङ्कहरू कम्प्युटर नेटवर्कमा जोडिएपछि हुन सक्ने साइबर ठगीलाई ध्यान दिई यो निर्देशिका ल्याइएको थियो (नेपाल राष्ट्र बैङ्क सन् २०१२) । २०७६ मा नेपाल दूरसञ्चार प्राधिकरणले पनि डेटा सुरक्षामा चासो राखी "साइबर सेक्युरिटी बाइलज" बनाएको छ । कोभिड काल (फागुन – चैत २०७६)मा भएका केही महत्त्वपूर्ण अनलाइन ह्याकिङपछि यो उपनियम ल्याइएको थियो ।

नेपाली बैङ्कका एटिएम चिनिया ह्याकरले ह्याक गरेर रकम निकाल्न थालेपछि राष्ट्र बैङ्क लगायतका निकाय डेटा सुरक्षाको विषयमा थप सक्रिय भएको पाइन्छ । वित्तीयबाहेक समाचार र सूचनासँग जोडिएका तथ्याङ्कको सुरक्षा पनि सबैको चासोको विषय हो ।

## डिजिटल माध्यमलाई संविधानको सम्बोधन

*कानुनी बाटोको डिजिटल यात्रा*

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत रहेको धारा १७ ले स्वतन्त्रताको हकमा विचार र अभिव्यक्तको स्वतन्त्रतालाई सुरक्षित गरेको छ । धारा १९ ले सञ्चारको हकको प्रत्याभूति गरेको छ जसमा डिजिटल माध्यम पनि समेटिन्छ । कुनै पनि माध्यमबाट सूचना प्रवाह गर्न पूर्व प्रतिबन्ध नलगाइने प्रत्याभूति यसमा छ ।

यस धारामा लिगेसी मिडियादेखि अनलाइन वा अन्य डिजिटल वा विद्युतीय उपकरण लगायतलाई समेट्दै तिनलाई बन्द, जफत वा दर्ता खारेजी नगरिने भनिएको छ । अभिव्यक्ति स्वतन्त्रताको यस सन्दर्भलाई निरपेक्ष रूपमा भने हेर्न नमिल्ने व्यवस्था पनि संविधानको यसै धारामा प्रस्ट किटान गरिएको छ । कानुनले वर्जित गरेको विषय प्रचार प्रसार भएको सन्दर्भमा यस खाले माध्यमलाई नियमन गर्ने गरी ऐन बनाउन बन्देज लगाइएको छैन ।

डिजिटल मिडिया र अनलाइन माध्यमलाई किटान गरेर यसको महत्त्व र प्राथमिकतालाई संविधानमा नै उल्लेख हुनुले लिगेसी मिडियाको हैसियतमा यसलाई प्राथमिकता दिइएको छ भन्ने बुझिन्छ । नेपालको संविधानमा कानुन बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन भनेर लेखिएको छ । यसरी सञ्चारका साधनमाथि प्रतिबन्ध नलगाइने भनेर संविधानमा किटानीका साथ लेखिनुमा सन् २००५ फेब्रुअरी १ मा राजा ज्ञानेन्द्रले गरेको 'शाही कू' मुख्य कारण हो । त्यतिखेर तत्कालीन राजाले शाही सम्बोधन गरे लगत्तै टेलिफोन, इन्टरनेट जस्ता अति आवश्यक सञ्चारका साधन बन्द गरिएको थियो । उक्त सम्बोधनबाट मुलुकमा 'सङ्कटकाल' घोषणा गरे लगत्तै सञ्चार गृहहरूमा सेना परिचालन गरेर समाचारमाथि सेन्सर लगाइएको थियो ।'नेपाल अधिराज्यको संविधान २०४७'ले प्रत्याभूत गरेको 'अभिव्यक्तिको अधिकार'माथि 'सङ्कटकाल'को प्रावधानमा टेकेर सरकारले यस्तो कदम चालेको थियो ।

नेपालको संविधानको धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हकको व्यवस्था भएता पनि धारा २७ पछि अर्को स्पष्टीकरण राखेर त्यसलाई कानुन बनाएर प्रतिबन्ध लगाउन मिल्ने व्यवस्था गरिएको छ । धारा २७ आम नागरिकले प्रयोग गर्ने अधिकार हो भने धारा २८ को प्रयोग उच्च ओहोदा वा सबै खालको पहुँच भएकाहरूका लागि बढी महत्त्वको अधिकार हो (महान्यायाधिवक्ता कार्यालय, २०७४) । यी दुवै धाराले सञ्चारका अन्य माध्यमजस्तै डिजिटल माध्यमलाई पनि समेट्छ ।

## दफा ४७ बाट डिजिटलमाथि नियन्त्रण

*विद्युतीय कारोबार ऐनलाई संवैधानिक इजलासको मान्यता*

नेपालमा अलग्गै साइबर कानुन निर्माण हुनुपर्ने बहस भए पनि त्यसलाई व्यवहारमा ल्याउन सकिएको छैन । त्यसैले विद्युतीय कारोबार ऐन २०६३ मा रहेको एउटा दफाले

डिजिटल मिडियालाई कानुनी दायरामा राखेको छ । डिजिटल माध्यमबाट हुने वित्तीय कारोबारलाई नियमित गर्न यो ऐन ल्याइएको पाइन्छ । सोसल मिडिया वा डिजिटल मिडियामाथि अलग्गै कानुन नबनेको स्थितिमा विद्युतीय कारोबार ऐन २०६३ को 'दफा ४७' ले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री आएमा एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै हुने उल्लेख छ ।

यस ऐनका बाँकी प्रावधान बैङ्किङ लगायत वित्तीय कारोबार, डिजिटल हस्ताक्षर, डिजिटल नेटवर्कमा गरिने छेडखानी लगायतसँग सम्बन्धित छन् । तर दफा ४७ भने सोसल मिडिया लगायत डिजिटल सञ्चारका माध्यमलाई सम्बोधन हुने गरी समावेश गरिएको छ ।

नेपाल प्रहरीको साइबर ब्युरोले गर्ने अनुसन्धान यही दफामा आधारित भएको पाइन्छ । यसै सन्दर्भमा सरकार विरुद्ध कल्पित पराजुलीको मुद्दामा सर्वोच्च अदालत (२०१७ अप्रिल १९, नि.नं. ९८७८) ले दिएको आदेशमा कानुन र संविधानले प्रत्याभूत गरेको अभिव्यक्तिको स्वतन्त्रता निरपेक्ष स्वतन्त्रता होइन भनिएको छ । यससँगै उत्तरदायित्व पनि जोडिएर आउने व्याख्या गरिएको छ ।

यस खाले अधिकारको उपभोग गर्दा कुनै व्यक्ति वा समुदायलाई हानि नोक्सानी नपुग्ने गरी तथा अरूको आत्मसम्मानमा आघात नलाग्ने गरी प्रयोग गरिनुपर्ने आदेशमा उल्लेख छ । त्यसै गरी कुनै पनि स्वतन्त्रताको प्रयोग र सुनिश्चितता गर्दा बहुलवाद, सहिष्णुता, शान्ति र अविभेदको मूल्य र मान्यतासँग सम्झौता गर्न नसकिने पनि उल्लेख गरिएको छ । जात, धर्म, भाषा, लिङ्ग, पहिचान, क्षेत्र आदिको आधारमा घृणा द्वेष फैलाउन उत्तेजित गर्ने अभिव्यक्तिलाई स्वतन्त्रतामा उचित बन्देज कानुनद्वारा नै लगाउन आवश्यक हुने भनिएको छ । तर, यसरी अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउँदा त्यसको उद्देश्यसँग औचित्यपूर्ण सम्बन्ध रहेको हुनुपर्ने आदेशमा उल्लेख छ । त्यसै गरी सर्वोच्च अदालतको संवैधानिक इजलास (२०२४ अप्रिल ३) को आदेशले कल्पित पराजुलीको मुद्दालाई समेत रेफरेन्समा समावेश गर्दै दफा ४७ को प्रतिरक्षा गरेको छ । डिजिटल प्रविधिको व्यापकताले घृणाजन्य अभिव्यक्ति तीव्र गतिमा फैलन सक्ने र त्यसको प्रभाव पर्ने भन्दै सर्वोच्च अदालतले संविधानअनूकुल नै कानुनी व्यवस्था भएको आदेशमा उल्लेख गरेको छ ।

## डिजिटल अभिव्यक्ति स्वतन्त्रतामा भारतीय नजिर

*नियन्त्रण विरूद्ध अदालत*

भारत सरकार विरुद्ध श्रेया सिंघल लगायतको केस (२०१५) डिजिटल र सोसल मिडिया सामग्रीका सन्दर्भमा महत्त्वपूर्ण नजिर मानिन्छ। भारतीय सूचना प्रविधि ऐन २००० को दफा '६६ ए' मा 'अति आपत्तिजनक, अश्लील, धम्कीपूर्ण' सामग्री सोसल मिडियामा पोस्ट गरे तीन वर्ष कैद र जरिवानाको प्रावधान राखिएको थियो। सन् २००९ मा डिजिटल माध्यमबाट प्रवाह हुने सामग्रीमाथि प्रतिबन्धात्मक प्रावधान उक्त ऐनमा थपिएको थियो। सन् २०१२ मा शिव सेनाका नेता बाल ठाकरेको मृत्युपछि आयोजित 'बन्द' विरुद्ध *फेसबुक*मा टिप्पणी गरेबापत सिंघल र एक अर्का युवती पक्राउ परेका थिए। उनीहरूलाई 'दफा ६६ ए'को प्रावधानमा टेकेर प्रहरीले पक्रेको थियो। भारतीय संविधानको धारा १९ ले दिएको अभिव्यक्तिको स्वतन्त्रता हनन भएको भन्दै पक्राउविरुद्ध मुद्दा दायर भएको थियो। त्यसमा फैसला सुनाउँदै डिजिटल माध्यमबाट प्रवाह हुने अभिव्यक्तिमाथि प्रतिबन्ध लगाउने गरी बनेको कानुनी प्रावधानलाई सर्वोच्च अदालतको आदेशले निस्तेज गरेको थियो।

अभिव्यक्ति स्वतन्त्रता हनन भएको भन्दै श्रेया सिंघल लगायतले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। उक्त मुद्दामा सर्वोच्च अदालतले 'अपमानजनक, धम्कीपूर्ण वा अश्लील' जस्ता शब्दको दुरुपयोग हुनसक्ने भन्दै उक्त दफालाई असंवैधानिक ठहर गऱ्यो। सोसल मिडिया र डिजिटल माध्यमका विषयवस्तुमाथि यस खाले आदेश दिँदा सर्वोच्च अदालतले (२०१५ मार्च २४)मा तीन विषयलाई उठाएको पाइन्छ

१. ऐनमा प्रतिबन्ध लगाउने उद्देश्यले प्रयोग भएका शब्दको दुरुपयोग हुनसक्ने
२. संविधानले अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउन सक्ने विषय र आधार प्रस्ट लेखेकाले अरू कानुन आवश्यक नभएको
३. इन्टरनेट आधुनिक युगमा अभिव्यक्तिको प्रमुख माध्यम हो र यसलाई अनियन्त्रित रूपमा नियन्त्रणमा लिन नमिल्ने भएकाले

डिजिटल मिडियासँग जोडिएको यही फैसलाका आधारमा दफा '६६ ए' हटाइयो र सोसल मिडिया मार्फत हुने अभिव्यक्तिको स्वतन्त्रतालाई वैधानिकता प्रदान भयो। यद्यपि, कतिपय माइक्रो ब्लगिङ र भिडियो सेयरिङ सोसल मिडिया साइटमाथि भारतमा कडा निगरानी हुँदै आएको पाइन्छ। बीबीसीले मोदीमाथि बनाएको डकुमेन्ट्रीलाई भारतमा निषेध मात्र गरिएन, त्यहाँ रहेको बिबिसीको कार्यालयमा सरकारले छापा समेत मारेको थियो।

अभिव्यक्ति स्वतन्त्रताको विषयलाई लिएर सर्वोच्च अदालतले दफा ६६ हटाएपछि यस खाले माध्यमलाई 'घुमाउरो बाटो'बाट नियन्त्रणमा राख्ने प्रयास भने भइरहेको पाइन्छ ।

## बङ्गलादेशको नियन्त्रणमुखी कानुन

*प्रवासबाट आक्रामक आवाज*

बङ्गलादेशमा डिजिटल सुरक्षा ऐन (डीएसए) २०१८ लागू छ । यस ऐन अनलाइन माध्यम, सोसल मिडिया सामग्री र डिजिटल सामग्रीमाथि कठोर देखिन्छ । मिथ्या र आपत्तिजनक सामग्री माथि उल्लेखित माध्यमबाट प्रवाह गरेमा पाँच वर्षसम्मको कैदको व्यवस्था गरिएको छ । सरकारी अधिकारीको छवि धुमिल बनाउने प्रयास गरेमा सात वर्ष कैदको व्यवस्था छ भने धार्मिक भावनामा छेडखानी गरेमा १० वर्षसम्मको कैद व्यवस्था गरिएको छ । राज्य विरुद्धका गोप्य सामग्री प्रवाह गरे १४ वर्षसम्म कैदको व्यवस्था गरिएको छ ।

आफूअनुकुल व्याख्या गर्न सकिने यिनै कानुनी प्रावधानमा टेकेर डीएसए २०१८ लागू भएको दुई वर्षमा मात्रै दुई हजारभन्दा धेरै मानिस पक्राउ परेका थिए । अभिव्यक्ति स्वतन्त्रताका हिसाबले बङ्गलादेश विश्वकै कमजोर मुलुकको सूचीमा पर्छ । सन् २०२३ मा यस ऐनका सबैभन्दा प्रतिबन्धात्मक दफाहरू २१, २५, २९, ३१ विरुद्ध मुद्दा दायर भए पनि त्यसलाई अदालतले खारेज गरेको थियो । यसरी पक्राउ पर्नेमा चर्चित फोटो पत्रकार साइदुल आलम पनि थिए जसले सोसल मिडियामा पोस्ट गरेकै कारण जेल यात्रा गर्नुपर्‍यो । उनी पक्राउ परेपछि नेपालका पत्रकारले बङ्गलादेशको नेपालस्थित दूतावासमा धर्ना समेत दिएका थिए ।

अबरार र बरुरा (२०२३)का अनुसार "डिजिटल सुरक्षा ऐन २०१८" का धेरै प्रावधानले नागरिकको अधिकारमाथि हस्तक्षेप गर्नु यसको प्रमुख कमजोरी हो । यसले अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको गोपनीयताको हक मिच्छ । यस ऐनको मुख्य उद्देश्य सूचना एवम् सञ्चार प्रविधि ऐन, २००६ (२००९ र २०१३ मा संशोधित को धारा ५७ लाई पुनर्जीवित गर्नु हो । उक्त ऐन चरम दुरुपयोग भएपछि त्यस विरुद्ध बढेको असन्तुष्टिलाई सम्बोधन गर्दै हटाइएको थियो ।

नेपालमा सधैँ विवादित बन्दै आएको सूचना प्रविधिसम्बन्धी विधेयकमा बङ्गलादेशको कानुनलाई सन्दर्भका रूपमा लिइएकाले पनि यसलाई चासोका साथ हेरिने गरिन्छ ।

## डिजिटल अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा दक्षिण एसियाका तीन देश

| पक्ष | बङ्गलादेश | भारत | नेपाल |
|---|---|---|---|
| **कानुनी व्यवस्था** | डिजिटल सुरक्षा ऐन (डीएसए), २०१८ | आइटी ऐन, २००० | विद्युतीय कारोबार ऐन, २०६३ |
| **सजायको प्रावधान** | १४ वर्षसम्म कैद | तीन वर्षको कैद खारेज | एक लाख र पाँच वर्ष कैद वा दुवै (दफा ४७) |
| **न्यायालयको सक्रियता** | डिएसएलाई चुनौती दिइएको छ, तर खारेज छैन | श्रेया सिंघल केसपछि धारा ६६ ए, २०१५ मा सर्वोच्च अदालतबाट खारेज | संविधान अनूकल कानुन रहेको संवैधानिक इजलासको व्याख्या |

## सूचना प्रविधि विधेयक सधैँ विवादित

*पक्ष र प्रतिपक्षको चरित्र चिनाउने कानुन*

आवश्यकता र चुनौती दुवै खाले मुद्दाका कारण विवादित बन्दै आएको छ सूचना प्रविधि सम्बन्धित विधेयक । सोसल मिडियामा फैलिएको अराजकता र मिथ्या सामग्री प्रवाहको अवस्थालाई लिएर यसको आवश्यकता औँल्याउनेहरू एकातिर छन् भने यही विधेयकमार्फत अभिव्यक्ति स्वतन्त्रतामा सरकारले कुनै पनि समय आफू अनुकूल व्यवहार गर्न सक्ने चुनौती देखाउनेहरू अर्कातिर छन् ।

यिनै दुई धारको विवादले यस विधेयकलाई संसद्बाट ऐनका रूपमा अगाडि बढाउने आधार तय हुन सकेको छैन । यस विधेयकमार्फत संविधान प्रदत्त मौलिक हक हनन हुनसक्ने त्रास देखाउँदै प्रतिपक्षी दल सधैँ यसको विपक्षमा र सोसल मिडियामा बढ्दो अराजकता देखाउँदै सत्तापक्षका दल यसको पक्षमा उभिने गरेका छन् । धेरै नै गिजोलिएको यस विधेयकको अर्को रोचक पक्ष के हो भने – सत्तामा रहेको दल यसको पक्षमा उभिन्छ तर जब सत्ता परिवर्तन हुन्छ, त्यही दल विधेयकको विपक्षमा उभिन थाल्छ । अभिव्यक्ति स्वतन्त्रताका विषयमा सत्तामा हुँदा र विपक्षमा हुँदाका दृष्टिकोण फरक फरक भइदिनाले सूचना प्रविधिसम्बन्धी विधेयकले गिजोलिँदै आएको छ । नेपालका समाचार कक्षले

फ्याक्ट चेकका लागि अलग्गै व्यवस्था नगरेसम्म पत्रकारितालाई सबैभन्दा चर्को मार मिथ्या सामग्रीबाट पर्ने देखिन्छ । सोसल मिडियाबाट सबैभन्दा तीव्र गतिमा यस खाले सामग्री फैलिरहेको हुन्छ । अभिव्यक्ति स्वतन्त्रता जोडिएको मौलिक हक र अतिरञ्जित सामग्रीको इन्फोडेमिकको मारमा यस विधेयक अल्झिन पुगेको छ ।

प्रविधिको बढ्दो प्रयोगभित्र नेपालमा सोसल मिडियाका सामग्री सबैभन्दा अनियन्त्रित बनिरहेको छ । मिथ्या सामग्री, गोपनीयता हनन, घृणाजन्य अभिव्यक्ति सोसल मिडियाबाट व्यापक हुने गरेको पाइन्छ । सोसल मिडियापछि विकसित भइरहेको एआईले यसलाई थप जटिल बनाउने देखिन्छ । त्यसैले डिजिटल अभिव्यक्तिलाई लिएर कानुन बन्नुको विकल्प छैन । यस खाले कानुन बनिरहँदा बङ्गलादेशमा जस्तो अभिव्यक्ति नियन्त्रणमुखी हुनेप्रति भने सचेत रहन आवश्यक छ । अभिव्यक्ति स्वतन्त्रता र अराजकता नियन्त्रण हुने गरी डिजिटल माध्यमलाई कानुनी दायरामा समेट्नु सबैभन्दा उत्तम उपाय हो ।

***

---

**सन्दर्भ सामग्री**


Abar, C. R., & Barua, J. (2023, May 17). *Why the DSA should be scrapped.* https://www.thedailystar.net/opinion/views/news/why-the-dsa-should-be-scrapped-3322696

Allyn, B. (2025, March 26). Judge allows 'New York Times' copyright case against OpenAI to go forward. *NPR.* https://www.npr.org/2025/03/26/nx-s1-5288157/new-york-times-openai-copyright-case-goes-forward

Blackburn, D., Eisenach, J. A., & Harrison, D., Jr. (2019). Impacts of digital video piracy on the U.S. economy. *NERA Economic Consulting*. https://www.nera.com/content/dam/nera/publications/2019/Piracy_Report_2019.pdf

Chadwick, A. (2019). *The new crisis of public communication: Challenges and opportunities for future research on digital media and politics.* https://repository.lboro.ac.uk/articles/report/The_new_crisis_of_public_communication_Challenges_and_opportunities_for_future_research_on_digital_media_and_politics/11378748/files/20223924.pdf

Reuters. (2024, November 29). Five Canadian news media outlets sue OpenAI for

copyright breach. *Al Jazeera*. https://www.aljazeera.com/economy/2024/11/29/five-canadian-news-media-outlets-sue-openai-for-copyright-breach

Singhal, S. v. Union of India. (2015). *Global Freedom of Expression*. Columbia University. https://globalfreedomofexpression.columbia.edu/cases/shreya-singhal-v-union-of-india/

अर्याल, दीपक। (२०२३ अप्रिल २८)। सामाजिक सञ्जालको भुलभुलैया। *हिमाल खबर*। https://www.himalkhabar.com/news/129491

केसी, विसु कुमार। (२००८)। *नेपालको सन्दर्भमा बौद्धिक सम्पत्ति अधिकार*। साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट। https://sawtee.org/publications/Jankaripatra-13.pdf

खनाल, सरिता। (२०२३ अप्रिल २६)। नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी कानुनको अपरिहार्यता। *कान्तिपुर*। https://ekantipur.com/opinion/2023/04/26/168247578261538161.html

गृह मन्त्रालय। (२०२५ मार्च १८)। *गृह मन्त्रालयको प्रेस ब्रिफिङ*।

देवकोटा, सविना। (२०२० नोभेम्बर २८)। सामाजिक सञ्जाल, जहाँ फरक मतलाई निषेध छ!। *हिमाल खबर*। https://www.himalkhabar.com/news/120865 ?

नेपाल कानुन आयोग। (२०२१)। *आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन, २०६४।* https://repository.lawcommission.gov.np/np/wp-content/uploads/2021/03/[filename].pdf

महान्यायाधीवक्ताको कार्यालय (२०१७)। *विद्युतीय कारोबार ऐन, २०६३ सम्बन्धी कसूरहरूको अवस्था अध्ययन समूहद्वार प्रस्तुत अन्तिम प्रतिवेदन*। महान्यायाधीवक्ताको कार्यालय।

मार्टिन चौतारी। (२०८०)। नेपालमा डेटा संरक्षणको अवस्था। *शोध-संक्षेप ३७*। मार्टिन चौतारी।

श्रेष्ठ, उमेश। (२०२२ अप्रिल २०)। सामाजिक सञ्जालको सकस। *हिमाल खबर*। https://www.himalkhabar.com/news/129362

संघीय संसद सचिवालय। (२०२५ जनवरी २६)। *सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*।

सर्वोच्च अदालत। (२०२४ अप्रिल ३)। *प्रत्युनाथ उप्रेती विरुद्ध नेपाल सरकार, रिट नं. ०७२-डब्ल्यूएस-००१३, संवैधानिक इजलास*। https://supremecourt.gov.np/court/public/media/2025_02/a35af3d088a8c56bfc1ef97cd35dffe6.pdf

सर्वोच्च अदालत। (२०१७ अप्रिल १९)। *कल्पित पराजुली विरुद्ध नेपाल सरकार, नेपाल कानुन पत्रिका (ने.का.प.), अंक ९*, निर्णय नं. ९८७८। https://nkp.gov.np/full_detail/8929



**ऋषिकेश दाहाल,** पीएचडी
उप–प्राध्यापक,
पत्रकारिता तथा आमसञ्चार,
त्रिभुवन विश्वविद्यालय

सन् २००६ देखि रत्न राज्यलक्ष्मी क्याम्पसमा अध्यापन गर्दै आएका ऋषिकेश दाहालले त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागबाट 'एजेन्डा सेटिङ रोल अफ नेपाली न्युजपेपर्स ड्युरिङ इलेक्सन' शीर्षकमा विद्यावारिधि गरेका छन् । दाहाल सेन्टर फर मिडिया रिसर्च नेपालका संस्थापक सदस्य एवम् पूर्व अध्यक्ष हुन् । 'सीएमआर नेपाल जर्नालिज्म एकेडेमी'का प्रशिक्षकसमेत रहेका उनका मिथ्या सामग्री, एजेन्डा सेटिङ, डिजिटल मिडिया, अखबारी पत्रकारिता जस्ता विषयमा अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् ।

दाहालले नयाँ सडक प्रकाशन, स्पेसटाइम प्रा. लि., कान्तिपुर पब्लिकेसन्स, नेपाल रिपब्लिक मिडिया लगायतका समाचार कक्षमा साढे दुई दशक काम गरेका छन् । डिजिटल मिडियातर्फ नागरिकन्युजपछि पहिलोपोस्ट र बिजमाण्डूमा उनी संलग्न रहे । नेपाल टेलिभिजनबाट प्रसारित 'मत अभिमत' कार्यक्रम निर्माताका रुपमा उनले २२ जिल्लामा काम गरेका छन् ।

वितरक
मण्डप पब्लिकेशन हाउस
भृकुटी मण्डप, काठमाडौं

ISBN 9789937185011
9 789937 185011